**Nepalese Culture**
**Vol. 19 : 145-156, 2026**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/nc.v19i01.95023

# किसिपिडीको कालिका भैरव जात्राको सांस्कृतिक अध्ययन

**सागर श्रेष्ठ**[१]
Email:ssagarsstha7@gmail.com.

**Received Date: May 06, 2026; Accepted Date: May 17, 2026; Published on: June 1, 2026**
**Copyright: @CDNeHCA, Tribhuvan University**

## लेखसार

काठमाडौं उपत्यकाको चन्द्रागिरि नगरपालिका वडा नं. ५ मा अवस्थित किसिपिडी गाउँमा कालिका, भैरव र गणेशको जात्रा स्थानीय गुठीको विधिअनुसार मनाउने चलन छ । कालिका र गणेशलाई खटमा तथा भैरवलाई तामाको घ्याम्पो (द्यः क्वँ) मा राखेर जात्रा सञ्चालन गर्दछन् । स्थानीयहरू अनुष्ठानलाई कालिका भैरव जात्रा भन्दछन् । यसलाई किसिपिडीको जात्रा पनि भनिन्छ । यो जात्रा चैत्र कृष्णपक्ष द्वादशीमा शुरूभई शुक्लपक्षको तृतीयासम्म एक हप्तासम्म चल्दछ । यो जात्रासँग पुजारी (श्रेष्ठ), गुभाजू, द्वारे, द्वारेमाहा, गुठीपाला, गुठियारहरू, थकाली, काँ खलः, नाय् (खड्गी), कुस्ले लगायतका समुदाय र जात्रा सञ्चालनमा उनीहरूको भूमिका, जात्राका विधिविधान, कथा तथा मिथक, जात्रा सञ्चालनमा आवश्यक सामग्री र त्यसको निर्माण सिल्प प्रविधि, प्रथा तथा प्रथाजनित कानुन जस्ता विभिन्न अभौतिक सांस्कृतिक पक्षहरू जोडिएका छन् । कालिका भैरव जात्रासँग सम्बन्धित उक्त पक्ष अध्ययन अनुसन्धानका महत्त्वपूर्ण विषय हुन् । तर, ती पक्षका बारेमा पर्याप्त प्राज्ञिक अध्ययन भएको देखिदैन । यो अनुसन्धानको अभाव र रिक्तता हो । यो रिक्तताको परिपूर्तिका निमित्त किसिपिडीको कालिका भैरव जात्राको ऐतिहासिकता खोजी गर्ने, जात्रा सञ्चालनमा संलग्न गुठियारहरूले निर्वाह गर्ने भूमिका पहिचान गर्ने र जात्राका क्रममा प्रत्येक दिन सम्पादन गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठान अन्वेषण गर्ने मूल उद्देश्यका साथ प्रस्तुत अनुसन्धानात्मक लेख तयार पारिएको छ । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक तथ्याङ्क प्रयोग गरिएका छन् । प्राथमिक तथ्याङ्क सङ्कलनका निमित्त स्थलगत अवलोकन र अन्तर्वार्ता विधि प्रयोग भएको छ ।  द्वितीयक तथ्याङ्क भने पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका हुन् । यो गुणात्मक ढाँचामा आधारित अध्ययन हो ।

**सूत्रशब्द :** कालिका भैरव जात्रा, अनुष्ठान, गुठियार, समुदाय र पूजा प्रथा, प्रथाजनित कानुन ।

---

१ सागर श्रेष्ठ "चन्द्रागिरि नगरपालिका क्षेत्रको सांस्कृतिक सम्पदा"को विषयमा विद्यावारिधि गर्दै आउनु भएका शोधकर्ता हुन् । आफ्नो ठाउँको मौलिकता र इतिहासलाई जोगाउने उद्देश्यका साथ शोधार्थी श्रेष्ठले चन्द्रागिरि नगरपालिकाको स्थानीय पाठ्यपुस्तक लेखनमा सक्रिय रूपमा लागेका छन् । उक्त पुस्तक नेपाली र नेपाल भाषा गरी दुवै भाषामा तयार हुँदैछ । शोधार्थी श्रेष्ठले चन्द्रागिरि नगरपालिकाको सम्पदा, भाषा र संस्कृतिको संरक्षण एवम् प्रवर्द्धनमा योगदान पुऱ्याउदै आएका छन् ।

## परिचय

चन्द्रागिरि नगरपालिका वडा नम्बर ५ मा स्थित किसिपिडी गाउँमा प्रत्येक वर्ष विभिन्न किसिमका धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरू सम्पादन र सञ्चालन गरिन्छन् । कालिका भैरव जात्रा यहाँ सञ्चालन गरिने महत्त्वपूर्ण सांस्कृतिक कृत्य हो । यो जात्रा चैत्र कृष्णपक्ष द्वादशीमा प्रारम्भ भई शुक्लपक्षको तृतीयासम्म एक हप्ता चल्दछ । जात्रा सञ्चानमा मन्दिरका *श्रेष्ठ* थरका पुजारी, *गुभाजू, द्वारे, द्वारेमाहा, गुठी पाला,* गुठियारहरू, *थकाली, काँ खलः, नाय् (खड्गी), कुस्ले* लगायतका समुदायका मानिसहरू प्रत्यक्ष रूपमा सहभागी हुन्छन् । जात्रा सञ्चालनका निमित्त गुठीले तोकिदिएको जिम्मेवारी सबैले प्रभावकारी ढङ्गले पुरा गर्ने परम्परा छ । जात्रासँगसम्बन्धित कथा तथा मिथक, जात्रा सञ्चालनका विधिविधान, जात्रा सञ्चालनमा आवश्यक सामग्री र त्यसको निर्माण सिल्प प्रविधि, प्रथा तथा प्रथाजनित कानुन जस्ता विभिन्न पक्षहरू यो जात्रासँग जोडिएका अभौतिक सांस्कृतिक सम्पदा हुन् । यो लेखकालिका भैरव र त्यससँग सम्बन्धित अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, सङ्कलन र विश्लेषणमा केन्द्रीत छ ।

किसिपिडीको कालिका भैरव जात्रा अन्य जात्राहरू जस्तै एक महत्त्वपूर्ण चाड हो । यो जात्रा एक हप्तासम्म मनाउने गर्दछन् । यस जात्रामा यहाँका स्थानीय बालबालिकादेखि बुढापाकासम्महर्षोल्लासका साथ सहभागिता जनाउने परम्परा छ । मन्दिरका पुजारी, *गुभाजू, श्रेष्ठ द्वारे, द्वारेमाहा, गुठी पाला, गुठियारहरू, थकाली, काँ खलः, नाय् (खड्गी), कुस्ले* लगायतका समुदायका मानिसहरूयो जात्रा मनाउन प्रत्यक्ष रूपमा सहभागी हुन्छन् । जात्रा मनाउने क्रममा तोकेको आआफ्ना दायित्व र जिम्मेवारी पुरा गर्ने गर्दछन् । किसिपिडीको यो जात्रा परापूर्वकालदेखि मनाउँदै आएको र हालसम्म पनि निरन्तर चल्दै आइरहेको महत्त्वपूर्ण चाड हो ।

काठमाडौं उपत्यकाको चाडपर्व र जात्रासम्बन्धी धेरै अध्ययनहरू भएका छन् । किसिपिडीको कालिका भैरव जात्राको इतिहास, यो जात्रा सञ्चालनमा पुजारी *(श्रेष्ठ), गुभाजू, द्वारे, द्वारेमाहा, गुठी पाला, गुठियारहरू, थकाली, काँ खलः, नाय् (खड्गी),* कुस्लेहरूको भूमिका, जात्रा सञ्चालन विधिविधान एवम् पद्धति, जात्रा सञ्चालनका क्रममा प्रत्येक दिन सम्पादन गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठान, जात्रामा संलग्न समुदाय, जात्राका क्रममा प्रयोग गरिने सामग्री, जात्रासँग सम्बन्धित प्रथा र प्रथाजनित कानुन, जात्रासँग जोडिएका अन्य थप अभौतिक पक्षजस्ता विविध सन्दर्भ अध्ययन अनुसन्धानका महत्त्वपूर्ण विषय हुन् । तर किसिपिडीको कालिका भैरव जात्राको बारेमा माथि उल्लिखित सन्दर्भ र पक्षहरूलाई समेटेर विशेष अध्ययन अहिलेसम्म गरिएको छैन । उचित अध्ययन र अनुसन्धानको अभावमा यो जात्रासँग सम्बन्धित उक्त धेरै सांस्कृतिक पक्षहरू अझै अनुत्तरित छन् । यसैलाई अनुसन्धानको समस्या पहिचान गरी यस अध्ययनमा समाधान खोजिएको हो । किसिपिडीको कालिका भैरव जात्रामा संलग्न गुठियारहरूले जात्रा सञ्चालनमा के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् ?, यो जात्रा मनाउने क्रममा प्रत्येक दिन के के कस्ता धार्मिक तथा सांस्कृतिक अनुष्ठान सम्पादन गरिन्छन् ? जस्ता अनुसन्धान प्रश्न निर्धारण गरिएको छ ।

## अनुसन्धानको उद्देश्य

क) किसिपिडीको कालिका भैरव जात्रा सञ्चालनमा संलग्न गुठियारहरूले निर्वाह गर्ने भूमिका पहिचान गर्ने ।
ख) कालिका भैरव जात्रा मनाउने क्रममा प्रत्येक दिन सम्पादन गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठान अन्वेषण गर्ने ।

## अनुसन्धान विधि

यो अध्ययन धार्मिक विश्वास, पूजापाठ, चाडपर्वहरू तथा जात्राका चलनहरू र परम्परागत विधिहरूसँग सम्बन्धित छन् । त्यसैले यो गुणात्मक दृष्टिकोणमा आधारित छ । प्राथमिक र द्वितीयक दुवै तथ्याङ्क प्रयोग गरिएको छ । अवलोकन कार्य प्राथमिक तथ्याङ्कको लागि मुख्य स्रोत हो । अवलोकन र अन्तर्वार्ता विधिहरू प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएका छन् । यस जात्रासम्बन्धी जानकारी भएको र सहि सूचना दिने किसिपिडी गाउँका *थकाली* तथा *द्वारेमाहा* (*द्वारे* पछिको प्रमुख व्यक्ति) र कालिका भैरव गुठीका गुठियारहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिअन्तर्गत अन्तर्वार्तामा सहभागी गराई जात्राको बारेमा अध्ययन गरिएको छ । अध्ययनको क्रममा स्थलगत भ्रमण, अवलोकन गरी फोटोग्राफी पनि लिइएको छ, जुन प्राथमिक स्रोतअन्तर्गत पर्दछ । द्वितीयक स्रोतमा यस जात्रासम्बन्धी लेखिएका पुस्तक, लेख, र स्मारिका जस्ता प्रकाशित र अप्रकाशित विभिन्न स्रोतहरूको समीक्षा गरी आवश्यक जानकारी सङ्कलन गरिएको हो ।

## मूल प्राप्ति

यस अध्ययनमा प्राथमिक तथा द्वितीयक तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छन् । सङ्कलित तथ्याङ्क विश्लेषणका आधारमा अध्ययनको उपलब्धिका रूपमा किसिपिडी कालिका भैरव जात्रासँग सम्बन्धित विविध पक्षको विवरण यहाँ समावेश गरिएको हो । यस अनुसन्धानको क्रममा किसिपिडी कालिका भैरव जात्रामा प्रयोग हुने सामानहरूको विवरण, गुठियारहरूले गर्ने काम तथा जात्रा सञ्चालन विधिलाई अध्ययन भएको छ । कुन विधिद्वारा कति जना गुठियारहरूको समूह मिलेर यो जात्रा सञ्चालन तथा सम्पन्न गरिन्छ भन्ने प्राप्त जानकारीलाई विभिन्न शीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको हो । अध्ययनको मूल प्राप्ति प्रस्तुतीकरणका क्रममा कालिका भैरव जात्रा, कालिका भैरव जात्राको इतिहास र अभ्यास, जात्रामा संलग्न व्यक्ति तथा समूह, जात्राको पूर्व तयारी, जात्रा प्रदर्शन गरिने परिक्रमा स्थल र जात्रामा सम्पादन गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठानजस्ता उपशीर्षकअन्तर्गत सम्बन्धित पक्षको विश्लेषण गरिएको छ ।

## कालिका भैरव जात्रा

सनातनी वैदिक समाजमा जात्रापर्व मनाउने र सञ्चालन गर्ने प्रचलन निकै प्राचीन परम्परा हो । वैदिककालदेखि नै त्यसबेलाका मानिसहरूले कुनै न कुनै रूपमा जात्रापर्व मनाउने गर्दथे । यो सन्दर्भलाई तत्कालीन धार्मिक ग्रन्थहरूले प्रमाणित गरिदिएका छन् । अश्वमेघयज्ञ सम्पादन गरेको सन्दर्भले वैदिककालदेखि नै जात्रापर्वहरू मनाइने गरेको विषयलाई पुष्टि गरेको छ (Majapuria, 1981, p. 2) । वैदिक कालमाचाडपर्व र जात्रालाई मह र जात भन्ने गरिन्थ्यो । हरिवंश पुराणमा कृष्णद्वारा गोवर्द्धन पर्वत उचालेको लिलालाई गिरिमह भनिएको छ (Dulal, 2022, pp.10-13)। जैनग्रन्थ गायाधम्महामा इन्द्रमह, स्कन्दमह, रुदैजता, शिवजता, नागजता जस्ता उत्सव र जात्राहरू उल्लेख गरिएका छ (अग्रवाल, सन् १९४६, पृ. ४-५) ।

नेपालमा लिच्छवि कालदेखि नै विभिन्न उद्देश्य परिपूर्तिका निमित्त जात्रापर्व मनाउने परम्परा चल्दै आएको देखिन्छ । त्यस बखत विशेषतः शैव, वैष्णव, शाक्त सम्प्रदायसँग सम्बन्धित जात्राहरू प्रचलनमा थिए । लिच्छविकालमा दुर्गा पूजा, दीपावली, शिवरात्री, रामनवमी, कृष्णाजन्माष्टमी, विभिन्न एकादशी, सङ्क्रान्ति, फागु पूर्णिमा, जनै पूर्णिमा लगायत अनेकौ कृषिसम्बन्धी चाडपर्वहरू मनाइन्थे । तर, त्यस बेलाका अभिलेखमा

भने बराहजात्रा, द्वारोद्घाटनजात्रा, कैलाशयात्रा, शोभनायात्रा, लोकपालश्वामीयात्रा र मण्डपीयात्रा जस्ता पर्वहरू मनाइने विषय उल्लेख पाइन्छ (क्षेत्री र रायमाझी, २०८०, पृ. १४२-१४४) ।

नेपाल प्राचीन कालदेखि जात्रा तथा पर्व मनाउने दृष्टिले दुनियाँमा विशिष्ट परम्परा भएको मुलुक हो । यहाँ दिनभन्दा धेरै सङ्ख्यामा चाडपर्व र जात्रा छन् । त्यसैले यो मुलुक प्राचीन कालदेखि आजसम्म चाडपर्व र जात्रा मनाउने सन्दर्भमा निकै लोकप्रिय भूमि हो । विभिन्न उद्देश्य परिपूर्तिका निमित्त यहाँ जात्रा मनाउने परम्परा थियो । आज पनि छँदैछ (Amatya, 2011, p. 39)। नेपालमा विशेषतः चन्द्रमास वा पात्रो अर्थात् चन्द्रमाको कलाका आधारमा चाडपर्व तथा जात्राहरू मनाइने परम्परा छ । यहाँ चाडपर्व तथा जात्राहरू राष्टिय स्तर, प्रदेश स्तर र स्थानीय स्तरमा मनाइन्छन् (Satyal, 2001, pp. 22-23)।

नेपाली समाजमा विशेष घटनाको सम्झना गराउन, देवीदेवतालाई शान्त पार्न र देवोपासना तथा देवीदेवताको जन्मोत्सव मनाउन, दैवीप्रकोपबाट सुरक्षित रहन, गाउँ घरपरिवारको सुखशान्ति, सन्तान वृद्धि र सुस्वास्थ्य, दीर्घायु, वर्षाको कामना, राम्रो खेतिपाति, पशुपालन, व्यापार वाणिज्यमा उन्नति, कामपछिको थकाई बिर्साउन मनोरञ्जन जस्ता विभिन्न कारणहरूले गर्दा वार्षिक रूपमा जात्रा, पर्व तथा उत्सव सञ्चालन गर्ने परम्परा छ (Anderson, 1988, p. 27) ।

नेवारी समुदायमा जात्रा एक प्रकारका विशेष चाड हुन् । त्यसैले जात्रालाई एउटा रमाइलो उत्सवको रूपमा लिने गरिन्छ । नेवार परम्परामा जतिपनि चाडपर्व मनाउँदछन् ती जात्रा पनि माथि उल्लिखित विभिन्न उद्देश्य र कामना पुरा गर्न सञ्चालन गर्ने गर्दछन् । काठमाडौँ उपत्यकाका धेरैजसो वस्तीहरूमा विभिन्न किसिमका जात्रा पर्वहरू मनाउने परम्परा छ । उक्त जात्राहरू विशेषतः विभिन्न देवीदेवता, तीर्थयात्रा, ऋतुपर्व, अनिष्टतत्त्व समन, दिवङ्गत पितृको सम्झना र उद्धार, दानदातव्यसम्बन्धी कार्य पुरा गर्ने उद्देश्यले सञ्चालन गरिन्छन् (श्रेष्ठ, २०७७, पृ. १३७) ।

कालिकाभैरव जात्रा किसिपिडी गाउँमा सञ्चालन गरिने महत्त्वपूर्ण अभौतिक सांस्कृतिक सम्पदा हो । यस जात्रामा भैरवलाई जाँड (प्रसाद) सहितको घ्याम्पोलाई नोलमा बांधि जात्रा गरिन्छ भने कालिका र गणेशलाई खटमा राखेर जात्रा गरिन्छ । जात्राको दिन भैरव तथा कालिका र गणेशको खटलाइ गाउँ बाहिर पिंगलमा ल्याएर पुजा गर्ने गरिन्छ र पुजा सकेपछि फेरी गाउँ भित्र लगेर जात्रा गर्ने गरिन्छ । गाउँ भित्र लगेर गाउँ भरीको पुजा नसकुन्जेल भैरवलाई नबिसाइकन जात्रा गरिन्छ । कालिका र गणेशको खटलाई ठाउँ ठाउँमा रोक्दै पुजा लिदै जात्रा गरिन्छ ।

युनेस्कोको सन् २००३ को अमूर्त सांस्कृतिक सम्पदाको वर्गीकरण गर्ने क्रममा मौखिक परम्परा एवम् अभिव्यक्ति; अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि गरी पाँचओटा विधामा विभाजन गरेको छ (UNESCO, 2003, p. 8)। यो वर्गीकरणलाई आधार बनाई नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले (क) मौखिक परम्परा एवम् अभिव्यक्ति (ख) अभिनय तथा मञ्चनकला (ग) सामाजिक व्यवहार, अनुष्ठान तथा जात्रापर्व (घ) प्रकृति र ब्रम्हाण्डसम्बन्धी ज्ञान (ङ) र परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि (च) परम्रागत खेल (छ) खाद्यपरिकार सीप (ज) पहिरनलगायत आभूषणसम्बन्धी

ज्ञान (झ) सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल र (ञ) स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदा गरी अभौतिक संस्कृतिसँग सम्बन्धित सम्पदालाई दशओटा विधामा वर्गीकरण गरेको छ (नेपाल सरकार, २०८१, पृ. २) ।

माथिको वर्गीकरणभित्र कालिका भैरव जात्रा मूलतः विधा (ग) सामाजिक व्यवहार, अनुष्ठान तथा जात्रापर्वअन्तर्गत पर्ने सम्पदा हो । यद्यपि यो जात्राअन्तर्गत विधा (क) मौखिक परम्परा एवम् अभिव्यक्ति र (ख) अभिनय तथा मञ्चनकलासँग सम्बन्धित क्रियाकलाप पनि सम्पन्न गरिन्छन् । अतः यो उत्सवलाई अभौतिक सम्पदाको वर्गीकरणका क्रममा छुट्याइएका बहुविधाको प्रतिनिधित्व गर्ने सम्पदाका रूपमा लिन सकिन्छ ।

बागमती प्रदेश, काठमाडौं जिल्लाको पश्चिम भेगमा अवस्थित चन्द्रागिरि नगरपालिका वडा नम्बर ५ मा किसिपिडी गाउँ रहेको छ । किसिपिडी क्षेत्रबाट लिच्छविकालीन चारवटा अभिलेख पाइएका छन् (वज्राचार्य, २०५३, पृ. १३५, १९१, १९२, ३६४) । उक्त अभिलेख र त्यसमा उल्लिखित विभिन्न विवरण यस गाउँ महत्त्वपूर्ण ऐतिहासिकता स्थल हो भन्ने पुष्टिका आधार हुन् । किसिपिडीलाई विभिन्न नामले चिनिदै आएको छ । यहाँ रहेको राजा गणदेवको सम्बत् ४८२ को लिच्छविकालको अभिलेखमा यो क्षेत्रलाई शिताटिका द्रङ्गअन्तर्गत पर्ने किचप्रिचिङ ग्राम भनिएको छ (वज्रचार्य, २०५३, पृ.१९१) । यहाँ पाइएका मध्यकालका अभिलेखहरूमा यस क्षेत्रलाई किसिपिण्ड ग्राम, हस्तिनापुरीस्थान, किसिप्रे देश, किशप्यरे देश जस्ता नामले सम्बोधन गरिएको विवरण फेला परेको छ (वज्रचार्य, २०५६, पृ.१२४, १३३, १८२, २५७) ।

पहिले हात्तिसार क्षेत्रमा हात्ती पालन गरिन्थ्यो । किसिपिडीबाट त्यस क्षेत्रमा तिरोको रूपमा हात्तीलाई घांस ईत्यादि लानु पर्दथ्यो । जुन चलन सय वर्ष अगाडि सम्म पनि थियो (अन्तर्वार्ता: आशामरु महर्जन २०८२/१०/२५, थकाली) । नेपाल भाषामा हात्तीलाई किसि भनिन्छ । पुलिको अर्थ तिर्नु भन्ने हुन्छ । अतः हात्ती पालनलाई तिरो तिर्नु पर्ने भएकोले यस ठाउँलाई किसिपुलि भनिएको हुनु पर्दछ । पछिल्लो कालमा त्यसको अपभ्रंश भई किसिपिडी भएको हुनसक्ने जनविश्वास छ ।

यो गाउँ पुरानो नेवार बस्ती हो । यहाँ ऐतिहासिक सांस्कृतिक रूपमा सबैभन्दा महत्त्वपूर्ण कालिका मन्दिर छ । यहाँ मध्यकालका अभिलेख, मठमन्दिरका साथै अन्य सम्पदाहरू प्राप्त भएकोले यस ठाउँमा मध्यकालमा पनि मानिसहरूको बाक्लो बसोवास रहेको प्रष्ट हुन्छ । किसिपिडी कालिका मन्दिरको ने.सं. ७८४को अभिलेखमा यस गाउँका प्रमाण भवानीदाशले मुख प्रतिमा स्थापना गरेको तथा राजा श्रीनिवास मल्लको पालामा सकल गाउँलेहरु मिलेर मन्दिर बनाएको उल्लेख छ (वज्रचार्य, २०५६, पृ १३३) । त्यस्तै ने.सें ७९४मा राजा श्रीनिवास मल्लको पालामा विश्वराम भारो, श्रीहि भारो, विष्णुराम भारो लगायतले सिंह स्थापना गरेको उल्लेख छ (वज्रचार्य, २०५६, पृ १८२) ।

किसिपिडीमा अवस्थित कालिका भैरवको बारेमा किंवदन्ती प्रचलित छ । किंवदन्तीअनुसार परापूर्वकालमा नुवाकोटका भैरवकालिका भगवतीलाई भेट्न घुम्न आउने गर्दथे । यो कृत्यलाई नेवारी भाषामा *भैलः द्यः ख्याली वईगु* भनिन्छ । भैरवलाई भाले बासिसकेपछि यहाँबाट जान मिल्दैन थियो । त्यसो भएकाले नुवाकोटका भैरव रात बिताएर बिहान सबेरै फर्किन्थे । एवम् रितले नुवाकोट भैरव किसिपिडी आउने जाने गर्दथे । यसै क्रममा एकदिन किसिपिडीबाट बिहान नुवाकोट फर्कनु अगाडि भाले बासेकोले जान नमिलेर भैरव नजिकै रहेको परालको

थुप्रोमा लुक्न गएछन् । विहानपख खाना पकाउन पराल लिन जाँदा मानिसहरूले जाज्वल्यमान तेज देखेछन् । यस्तो तेज भएको वस्तु के रहेछ भनि हेर्न जाँदा मानिसहरूले त्यहाँ भैरवको मुखौटो देखे । त्यस मुखौटोलाई जनबोलीमा भैरवको मुखौटो भनिन्छ । नेपाल भाषामा यसलाई *भैलःद्यः या ख्वाःपाः* भनिन्छ । त्यसपछि स्थानीय मानिसहरूले त्यो मुखौटोलाई पूजाउपासना गर्न थाले । यसरी पूजा गर्दैजाने क्रममा भैरवको जात्रा प्रारम्भ भएको हो (अन्तर्वार्ताः राजकाजी महर्जन, २०८२/१०/२५, द्वारेमाहा) ।

## जात्रा सञ्चालनमा संलग्न व्यक्ति तथा समूह

किसिपिडीका मुख्य बासिन्दाहरू नेवार हुन् । यस बस्तीमा मुख्यतया *श्रेष्ठ, महर्जन, नाय् (खड्गी),* कुस्लेहरूको बसोवास रहेको छ । गाउँको बाहिरी क्षेत्रमा ब्राह्मण र क्षेत्रीहरू थोरै सङ्ख्यामा भेटिएका छन् । यसजात्रामा नेवार समुदायको सहभागिता उल्लेख्य मात्रामा रहेको देखिन्छ । यस जात्रामा पाँच *थकाली* हुन्छन् । पहिलो *थकाली (श्रेष्ठ)* हुन्छन् । जसले जात्रामा देवताको पूजा गर्दछन्, कोटीहोम जाँदा पूजा बोक्छन् तथा अरु कार्यमा पनि संलग्न हुन्छन् । दोस्रो *थकाली*ले भैरवको काम गर्छन् । उनले जात्रामा भैरवलाई सजाउने सबै काम गर्छन् । तेस्रो थकालीले कालिका माईको काम गर्छन् ।चौथो *थकाली* जात्रा भरी कतै नगईकन *गुठि छें* कुरेर बसेका हुन्छन् र पाँचौं *थकाली* देवताको हेरविचार गर्ने व्यक्ति हुन्छन् जसले बलि दिएको रांगाको मासु एकै छाकमा नसकिने भएकाले त्यस मासुलाई कसैले केहि नगरोस भनेर कुरेर बसेका हुन्छन् (अन्तर्वार्ताः राजकाजी महर्जन, २०८२/१०/२५, द्वारेमाहा) ।

कालिका भैरव जात्रामा विभिन्न व्यक्ति र समुदायहरूको भूमिका हुन्छ । *श्रेष्ठ* यस जात्राका प्रमुख व्यक्ति मानिन्छन् । यिनीहरूले मुख्य पुजारीका रूपमा कार्यसम्पादन गर्ने परम्परा छ । *गुभाजू* पनि यो जात्रासँग सम्बन्धित अर्का व्यक्ति हुन्, यिनले जात्रामा तान्त्रिक अनुष्ठानका साथ होम गर्ने गर्दछन् । *थकाली*ले यो जात्रामा गुठियारहरूलाई कामको जिम्मा दिने गर्दछन् । *द्वारे*ले जात्रामा सरकारी पूजा गर्ने गर्दछन् । *द्वारेमाहाले द्वारे*लाई सहयोग गर्ने गर्दछन् (अन्तर्वार्ताः राजकाजी महर्जन, २०८२/१०/२५, द्वारेमाहा) । जात्रामा जतिपनि कार्य सम्पादन गरिन्छ उक्त कामको जिम्मा दिने व्यक्तिलाई *मू नायो* र *नायो* भनिन्छ भने कामको जिम्मा लिने व्यक्तिलाई मू *दुवा र दुवा* भनिन्छ । यस जात्रामा २ जनाले गुठीको पालो लिने गर्दछ उनीहरूलाई *गुठी पाला* भनिन्छ । जात्रा सञ्चालनमा सघाउने व्यक्तिहरूलाई गुठियार भनिन्छ भने सामानहरूको रेखदेख गर्ने व्यक्तिलाई कुमि भनिन्छ । त्यसरी नै *दुब्लीं* २ जना, *भलिंनायो* २ जना, *सुवा* २ जना, *लुका* ४ जनालाई विभिन्न कामको जिम्मा दिएको हुन्छ (अन्तर्वार्ताः आशामरु महर्जन २०८२/१०/२५, थकाली) ।

यस जात्रामा विभिन्न बाजा बजाउने समूहहरू हुन्छन् । धा*खलः*ले जात्रामा धाः बाजा बजाउने गर्दछ भनेधिमे *खलः*ले. धिमे बाजा बजाउने गर्दछ । त्यसरी नै बासुरी *खलः*ले बासुरी र *खिं* बाजा बजाउने तथा ब्याण्ड बाजा *खलः*ले ब्याण्ड बाजा बजाउने गर्दछ । त्यस्तै *काँ खलः*ले *काँ* बाजा बजाउने र  नाय् (खड्गी)ले नाय्खिं बजाउने गर्दछ । कुस्लेले स्वाय्ली बाजा बजाउने गर्दछ (अन्तर्वार्ताः राजकाजी महर्जन २०८२/१०/२५, द्वारेमाहा)

## जात्रामा प्रयोग गरिने सामग्री

परम्परागत रीतिरिवाज, सांस्कृतिक मूल्यमान्यता, संस्कार, अनुष्ठान र विधिको आधारमा चाडपर्व, जात्रा र धार्मिक समारोह मनाउने गरिन्छ । ती जात्रा, पर्वहरू मनाउन धेरै सामग्रीहरूको आवश्यकता पर्दछ ।

कालिका भैरव जात्राका विभिन्न देवताहरूको १२ वटा मुखौटाहरू, दुईवटा खट, खटहरू बोक्न प्रयोग गरिने नोलहरू, धुप, अबीर, केशरी, होमको लागि विभिन्न प्रकारका काठहरू, *समयबजी,* जट्टा नरीवल, *बि सकि* (कर्कलाको पिंडालु), भैरब देवता बोक्नेलाई सेतो फेट्टा र जामा, देवताहरूको लागि विभिन्न प्रकारका पोशाक र चाँदीका गहनाहरू, वाद्यवाधनहरू विशेष गरी नेवारी बाजा जस्तै *धिमे,धा, खिं,भूस्यां,* बासुरी, ब्याण्ड बाजा, विभिन्न प्रजातिका फूल, फलफूल, बोटबिरूवाका पात, *तकाफुसीमिखाफुसी* (फिरफिरे), *लुँ स्वां,व स्वा,* तेलको बत्ती, कपडा, तामाको घ्याम्पो (*द्य: क्वँ*), जाँड(प्रसाद), रक्सी, विभिन्न प्रकारका अनाजहरू, चामल,धान, गहुं, तोरी, सर्स्युं, कालो भटमास, गेडा मास, कालो तील, पसीं ग्वय (एक प्रकारको घांस), बलिको लागि बोका र राँगोहरू (*लाक्षी म्ये* र *किलां म्ये*) जस्ता  सामग्रीहरूको आवश्यकता पर्दछ (अन्तर्वार्ताः राजकाजी महर्जन, २०८२/१०/२५, द्वारेमाहा) ।

## जात्राको पूर्वतयारी

जात्रा हुनु पूर्वको होली पूर्णिमाको दिन जात्राको लागि काठको मुढा जम्मा गर्ने गरिन्छ, जसलाई *गों तय्गु* भन्दछ । प्रत्येक घरबाट कम्तिमा एक एक वटा काठको मुढा ल्याउने परम्परा रहेको छ । ती मुढाहरूलाई एक ठाउँमा जम्मा गरिन्छ र त्यसै दिन राती पालाको घरमा गएर भोज खाएपछि जात्रा गुठीका *थकाली, पाला*हरू गाउँको पश्चिमा रहेको *ढोका पिने* गएर जात्रा शुरु भएको सङ्केत स्वरूप देवतालाई आह्वान गर्ने गरिन्छ । जात्राको साइत गुरुजुसँग लिने गर्दछ । बलिको लागि *लाक्षि म्ये* र *किलां म्ये* (केहि चोट पटक नलागेको, दाँत नफुक्लेको, सिँग नफुक्लेको, निख्खर कालो राँगो) लिन थकाली, पाला र नाय् (खड्गी) जाने गर्दछन्(अन्तर्वार्ताः आशामरु महर्जन २०८२/१०/२५, थकाली) ।

*द्य: क्वँ* (तामाको घ्याम्पो) लाई *गुठी छेँ*(गुठी घर) भित्र लगेर सबै सफा गरेपछि परालमाथि राखिन्छ, जसलाई *छुँ चा लाय्गु* भनिन्छ । *द्य:क्वँ*लाई सफा गरिसकेपछि तेल दलेर सजाउँछन् । भैरवको मुकुण्डो (*भैल: द्य: ख्वापा:*) लाई *द्य:क्वँमा* टाँसेर सजाउँछन् । कालिका, गणेश, कुमार, इन्द्रायणी, ब्रम्हायणी, विष्णुदेवि, महालक्ष्मी, कुमारी, बाराही, भैंरव, सिंहिनी, व्याघ्रिनीदेवताहरूको मुखौटाले भरिएको एउटा खटमा कालिकार अर्कोमा गणेशको मूर्ति हुन्छ । एउटा अलग्गै नोलमा भैरव (*द्य:क्वँ*) राखेको हुन्छ (अन्तर्वार्ताः राजकाजी महर्जन, २०८२/१०/२५, *द्वारेमाहा*) ।

## जात्रामा सम्पादन गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठान

पीठ (*पिङ्ग:*), *ननि(द्य:छें), पाउली, कुला छें, टार, गफ ख्य* (गफल), *खुशीबाली(ध खा), सासी गा:, लाछी,नाय्देप:*, स्कुल प्राङ्गण, टंको, *क्वे छें, लाय्ब, च्वयलाछि* आदि ठाउँहरूमा दिनभरि भैरवको घ्याम्पो (द्य:क्वँ) पूजा लिंदै परिक्रमा गराइन्छ (अवलोकन) । जात्रा सञ्चालनका क्रममा गुठीयारहरूले आआफ्नो जिम्मेवारी पुरा गर्दछन् । जात्रा तयार दिन छाडेर यो जात्रा आठदिनसम्म चल्दछ । उक्त आठदिन तल वर्णन गरिएअनुसारका विभिन्न धार्मिक तथा सांस्कृतिक कृत्यहरू सम्पादन गरिन्छन् :

**पहिलो दिन :** चैत्र कृष्णपक्षको द्वादशीका दिन किसिपिडी गाउँमा रहेको भगवती देबी अगाडि राँगा (*लाक्षी म्ये*) को बलि दिईन्छ । बलि दिएको मासुसँगै बेलुका *छ्वय्लाभू*(काँचो मासु पोलेर चिउरासँग विभिन्न

अन्य परिकारहरू राखेर खाने भोज) गरिन्छ । *छ्वयूलाभू*मा गुठियारहरू मात्र हुन्छन् (अन्तर्वार्ताः राजकाजी महर्जन,२०८२/१०/२५, द्वारेमाहा) ।

**दोस्रो दिन :** त्रयोदशीको दिन बिहान सबेरै गणेश मन्दिरमा गुठियारहरू पूजा गर्न जान्छन्। पूजा गर्दै गर्दाकुस्लेले *स्वायल* बाजा, खडगीहरूले *नायुखिँ* बाजा, तथा महर्जनहरूको एउटा समूहले *काँ* बाजा बजाउने गर्छन् । गुभाजूले पूजापाठको लागि *पोटायूले* मण्डप बनाउँदछ तथा कथा पाठ गर्दछ । साथै गुठियारहरूले राँगो (*किलाँ म्ये*) ल्याएर बलि दिन्छन् । पूजा सकेपछि बलि दिएको राँगाको मासुलाई *गुठी छेँ* लगेर राखिन्छ । *गुठी छें* मा मासुभित्र लैजानलाई विशेषपूजा गरिन्छ जसलाई *बलिं पिया दुकायेगु* भनेर भनिन्छ । यसमा सबैभन्दा पहिला राँगाको टाउकोलाई पूजा गरी भित्र लगिन्छ । त्यसपछि अगाडिको दायाँ खुट्टा र बाँया खुट्टालाई भित्र लगिन्छ । अनि पछाडिको दायाँ खुट्टा र बायाँ खुट्टा भित्र लगिन्छ . अन्तिममा *दुला* (आन्द्रा) भित्र लगिन्छ । बेलुका गुठियारहरू *छ्वयूलाभू* गर्दछन् । यस दिन गाउँभरिका मानिसहरूको घरमा पनि *छ्वयूलाभु* हुन्छ (अन्तर्वार्ताः राजकाजी महर्जन २०८२/१०/२५, *द्वारेमाहा*) ।

**तेस्रो दिन :** चतुर्दशीको दिन राती गुठियारहरू *चह्रे* पूजा गर्न पिङ्गल (मसानघाट नजीकैको शक्ति पीठ) मा होम गर्न जान्छन् । यस होम गर्न *गुभाजू, श्रेष्ठ, कुस्ले, खडगी, काँ खलः, गुठिपालाह*रू खर्पनमा पूजा राखेर जाने् गर्छन् । रातभर पूजा गरिसकेपछि बिहानपख उनीहरू फर्कन्छन् ।

*गुठी छें*मा बलि दिएर राखेको मासु र त्यहाँ भित्र रहेका देवताहरू कुर्न बसेका मानिसहरू ठूलो ठूलो मूढाहरू बालेर बस्ने चलन छ । उनीहरूलाई प्रसादको रूपमा *चटामरी, तखालाः,* जाँड खुवाउँछन् । यस दिन गाउँलेहरू मासु पकाएर त्यसको थलथले बनाउँछन् जसलाई *लाः खुनिगु* भनिन्छ (अन्तर्वार्ताः राजकाजी महर्जन २०८२/१०/२५, द्वारेमाहा) ।

**चौथो दिन :** औंशीको यस दिनमा *पाहाँ ब्वनेगु* भनेर आफन्तजन, छोरीज्वाईंहरू तथा साथीभाइहरूलाई जात्रा हेर्न बोलाउने चलन छ । यसदिन बेलुका *द्यःछें*बाट भैरवको तामाको घ्याम्पो (*द्यःक्वँ*)लाई बाहिर ल्याएर दुई जना मानिसहरूले बोकी एकछिन जात्रा गर्छन् । अनि राति त्यस द्यःक्वँलाई *गुठि छें* भित्र लगेर सबै सफा गर्छन् । त्यसपछि त्यस *द्यःक्वँ* लाई पराल माथि राखिन्छ, जसलाई *छुँ चा लायूगु* भनिन्छ । त्यसपछि *द्यःक्वँ*लाई सफा गरी तेल दल्छन् । त्यसपछि त्यस *द्यःक्वँ*लाई सजाउँछन् । भैरवको मुकुण्डो (*भैलः द्यः ख्वापाः*) लाई पनि त्यहि *द्यःक्वँ*मा टाँसेर सजाउँछन् । *द्यःक्वँ*लाई पछाडिबाट जामा लगाई दिन्छन् । चाँदी तथा अरु गरगहनाले सजाई दिन्छन् । नोलमा राखेर डोरीले *द्यःक्वँ*लाई बाँधिन्छ । *दलुचा* र चम्मर पनि राखिन्छ । बलि दिएको राँगाको आन्द्रा पनि बाँधि दिन्छन् । यसरी भैरव जात्राको लागि तयारी हुन्छ (अन्तर्वार्ताः राजकाजी महर्जन २०८२/१०/२५, द्वारेमाहा) (चित्र नं. २)।

**पाँचौं दिन :** *पारू*को दिन बिहान सबेरै गुठियारहरूले भैरबलाई बाहिर निकाल्छन् । भैरबलाई बोकेर *ननि*मा नचाउँछन् । त्यसपछि द्वारेकोमा गएर चिराग (*मत प्वाः*) लिन जान्छन् । भैरब (*द्यःक्वँ*) लाई *ढोकापिनि, गफ ख्यो, सासि गाः* हुंदै पिङ्गलमा लगेर बिसाउँछन् । त्यसपछि गणेश र कालिकाको खट पनि *टँको*बाट झरेर पिङ्गलमा ल्याएर बिसाउँछन् । खट सँगै अघिल्लो दिन राती देवतालाई गुठियारहरूले चढाएको भात जसलाई *मलःजा*

भनिन्छ, त्यसलाई पनि सँगै बोकेर पिङ्गलमा ल्याउँछन् (चित्र नं. ३) र त्यहाँ *मलःजा*सँगै *टुकँ सुकु* (सुकेको साग) राखेर भात खुवाउँछन् जसलाई भोग ख्वाउने भन्दछन्(अन्तर्वार्ताः राजकाजी महर्जन२०८२/१०/२५, *द्वारेमाहा*) ।

सो *मलःजा* प्रसादको रूपमा भक्तजनहरूले पनि खान्छन् । स्थानीय मानिसहरूका साथै वरिपरिका गाउँलेहरूले पनि यस दिन ती खटमा राखिएका देवताहरू तथा भैरवको पूजा गर्ने गरिन्छ । साथै बलि पनि दिने गर्दछ । यहाँ *थकाली,* गुठियार र पूजारीहरू एक आपसमा *पाःताः खोला* (मान्छेको खप्परबाट बनाइएको बटुको, जसलाई चाँदीले मोडेको हुन्छ) मा जाँड(*द्यः थ्वँ*) राखेर पालैपालो पिउँछन् । यो पाताः खोला पखाल्न नहुने र पालैपालो जुठो गरेर जाँड खानुपर्ने परम्परा रहेको छ । जाँड खाने क्रममा एक जनाले जाँड खन्याइ राख्नुपर्छ,, रोक्नु हुँदैन (अन्तर्वार्ताः राजकाजी महर्जन २०८२/१०/२५, *द्वारेमाहा*) ।

दिउँसो पूजा सकेपछि पिंगलमा भैरव, कालिका र गणेशको जात्रा शुरु हुन्छ । भैरवलाई जात्रा गर्दै गाउँ लाने क्रममा ब्रत बस्ने घरका परिवारले भैरव जाने बाटोमा सेतो कपडा ओछ्याउँदै लगिन्छ, जसलाइ *बस लायेगु* भनिन्छ (चित्र नं. ४) । दिनभरि जात्रा गर्ने क्रममा भैरबलाई कहिँ पनि बिसाउन नहुने चलन छ (चित्र नं. ५) । एक जना *गुठीपाला*ले खर्पनको एकातिर *पाःताः खोला*लाई ओदानमा राखि अर्कोतिर बलेको सुकुन्दालाई फँचा (काठको पाथी)मा राखी भैरवको पछि पछि लागि रहन्छ । अन्तिममा भैरबलाई *गुठी छेँ* लगेर बिसाइन्छ । यस दिन गाउँ भरिका मानिसहरूको घरमा पाहुनाहरू आइरहेको हुन्छ । जात्रा हेर्न तथा भोज खान आउने पाहुनाहरूको भिड लागेको हुन्छ । गाउँभरि बाजागाजाको आवाजले वातावरण उल्लासमय हुन्छ । यस जात्राको दिन राती पूजा ल्याउने महिलाहरूलाई देवता राखेको ठाउँ *गुठी छेँ*मा भोज खुवाउँछन्, जसमा *चटामरी,* चीउरा, *तःखा लाः,* जाँड, मासुका परीकारहरू हुन्छन् । भोज खुवाउन उनीहरूलाई घाँस ओछ्याई राखेको हुन्छ (अन्तर्वार्ताः आशामरु महर्जन २०८२/१०/२५, *थकाली*)।

**छैठौं दिन :** यस दिन राती गुठियारहरूसबैले पूजा लान्छन्, जसलाई *पूजा त वनेगु* भनेर महिलाहरू *गुठी छेँ*मा पूजा राख्न जान्छन् (अन्तर्वार्ताः राजकाजी महर्जन २०८२/१०/२५) ।

**सातौं दिन :** यस दिन बिहान बिचाः पूजा गर्छन् । दिउँसो मानिसहरू एक आपसमा अबिर जात्रा गर्छन् । त्यसपछि भैरबलाई *गुठी छेँ*बाट बाहिर ल्याई एकछिन नचाइन्छ ।अनि भैरबलाई *द्यःछेँ* मा लगेर राखेपछि जात्रा सम्पन्न हुन्छ (अन्तर्वार्ताः राजकाजी महर्जन२०८२/१०/२५, द्वारेमाहा) ।

**आठौं दिन :**यस दिनलाई ल्याचाः भनिन्छ । यस दिनमा जात्रा भरिको हिसाब किताब गर्ने गर्दछन् । हिसाब सकेपछि भोज खाएर घर जाने गर्दछ (अन्तर्वार्ताः आशामरु महर्जन २०८२/१०/२५, *थकाली*) ।

## जात्रासँग सम्बन्धित प्रथा एवम् प्रथाजनित कानुन

प्रथा र प्रथाजनित कानुन समाज तथा समुदायमा लामो समयदेखि निरन्तर अभ्यास गरिएका परम्परागत संस्था र वैधानिक व्यवस्था हुन् । यस्ता प्रचलनलाई अलिखित एवम् मौखिक परम्परामा आधारित कानुन व्यवस्थाका रूपमा लिन सकिन्छ । समाज तथा समुदायलाई व्यवस्थित रूपमा सञ्चालन गर्न उक्त अभ्यास परम्पराले उल्लेख्य योगदान दिन्छन् । तिनीहरूको अभ्यास र पालनाले समाज तथा समुदायमालाई नियमन बनाउँदछ (Dulal & Singh, 2024, p.24)। प्रत्येक जातजाति जनजाति समुदायका आआफ्नै जातीय

धर्म तथा संस्कृतिमा आधारित मौलिक एवम् परम्परागत संस्था हुन्छन् । त्यस्ता संस्था र तिनीहरूले निश्चित नियम र परहेजमा रहेर आफ्ना जातीय कार्यहरू सम्पादन गरेको देखिन्छ । ती जातीय संस्था, तिनीहरूले स्थापित र अभ्यास गरेको नियम तथा परहेज नै प्रथा र प्रथाजनितकानुन हुन् (आइ एल ओ, सन् २००९, पृ. ८१) । यसै सिद्धान्तको आधारमा कालिका भैरव जात्राकामा निम्नानुसारका प्रथा र प्रथाजनित कानुन अभ्यास गर्दै आएको पाइएको छ :

क) कालिका भैरव जात्रा प्रारम्भ हुनु चारदिन अगाडिदेखि गाउँमा लुगा धुन नहुने परम्परा छ ।

ख) २ जना *गुठी पाला*ले वर्ष दिन सम्म देवतालाई बिहान पूजा र बेलुका बत्तिदिनु पर्ने चलन रहेको छ ।

ग) *गुठी पाला*को घरमा देवता हुने भएकाले उनीहरूका परिवार एक वर्ष सम्म बाहिर बास बस्न नमिल्ने परम्परा रहेको छ ।

घ) जात्राको पहिलो दिन *लाक्षी म्ये* बलि दिने क्रममा राँगाको टाउकाको *चसप्वाः* मा चुप्पिले प्वाल पार्ने र *गुठि छेँ*मा थकाली नकिंले द्यः क्वोँमा पानी राख्ने कार्य एकै चोटी गर्छन् । बलि दिने कार्य र करथ्वँ (बाक्लो जाँड) मा पानी हाल्ने कार्य एकै समयमा गर्नै पर्ने चलन रहेको छ ।

ङ) जात्राको दिन पिंगलमा देवतालाई भोग चढाउने *मलःजा* लाई प्रसादको रूपमा खाने गरीन्छ । यो प्रसाद खाएमा पेट दुख्ने रोग निको हुने जनविश्वास रहेको छ ।

च) जात्राको दोस्रो दिन बलि दिने क्रममा गुभाजुले कथा भन्न शुरु गर्छन् । यसै क्रममा बलि दिइने *किलाँ म्ये*को अगाडि पछिल्लो जन्ममा पशु हुन नपरोस् भनेर कामना गर्ने चलन रहेको छ ।

छ) जात्राको दिन भैरव, कालिका र गणेशको खटलाई पिंगलबाट जात्रा गरी गाउँ भित्र ल्याउने क्रममा *तार* भन्ने ठाउँमा पुगेपछि *द्वारे, द्वारेमाहा, नायो, गुठियार*हरू सबै गएर कालिकाको खटमा गएर बोका सहितको सरकारी पूजा गर्ने गर्दछन् । त्यसरी नै *दर*हरूको समूहले पनि बोका सहितको पूजा गरिन्छ, जसलाई *सिन्ह मंगाचा* भनिन्छ । त्यसपछि मात्र गाउँ भित्र जात्रा गर्ने गरिन्छ ।

ज) भैरव देवतालाई थकालीको घर भित्र्याइसकेपछि एक वर्षसम्म थकालीका परिवार बाहेक कसैले हेर्न नहुने चलन छ ।

झ) जात्रा अवधि भित्र यदि कोहि थकाली परिवारको देहान्त भएमा तुरुन्तै लाश उठाएर मसानघाट लगेर जलाउनु पर्दछ साथै एकै दिनमा *घसु* (१२ दिनको काम) र ४५ दिनको काम पनि सकाएर जात्रालाई निरन्तरता दिने प्रचलन छ ।

ञ) जात्रामा भैरव बोक्ने ४ जना पालाहरुले जात्राको दिनमा जुत्ता लगाउन नहुने भएकाले जात्रा शुरु हुनु भन्दा महिना दिन अगाडि देखि नै जुत्ता नलगाईकन हिड्ने अभ्यास गर्नु पर्ने चलन रहेको छ ।

## छलफल तथा निष्कर्ष

चाडपर्व र जात्रालाई विशेष घटनाहरूको सम्झना देवताहरू माथिको आस्थाको दृढता, मानिस र जनावरहरूको संरक्षण तथा कृषिखेतीको उन्नतिको लागि मनाइने धार्मिक र सांस्कृतिक समारोहको रूपमा मानिन्छ । किसिपिडीमा मनाइने कालिका भैरव जात्रा अरू ठाउँहरूको भन्दा विशेष रहेको छ । गणेश र

कालिका खटमा राखी जात्रा गर्छन् भने भैरवलाई चाहिँ एउटाजाँड (*द्य: थों* ले भरिएको तामाको जाँडको घ्याम्पो (द्य:क्वँ)मा राखेर गुठियारहरूले दिनभर कांधमा बोकेर पूजा लिंदै गाउँ परिक्रमा गराईन्छ। एक जना गुठियारले खर्पनमा सुकुन्दा राखी भैरवको पछि पछि लागिरहन्छ। साथमा कालिका(भगवती) र गणेशलाई खटमा राखि जात्रा गराइन्छ।

यो अध्ययनको मुख्य उद्देश्य जात्राको ऐतिहासिकता र जात्रा सञ्चालन विधि पत्ता लगाउनु थियो। तर अहिलेको युवा पुस्तामा यो जात्रासम्बन्धी जनचेतना जगाउनु पनि अर्को महत्त्वपूर्ण उद्देश्यको रूपमा रहेको छ। अहिलेका युवा पुस्तामा जात्रा सञ्चालन तथा जात्रामा गुठियारहरूको भूमिका तथा जात्राको प्रथा र कानुनबारे ज्ञान नहुँदा धेरै सँस्कृतिहरू लोप हुने अवस्थामा रहेको छ। यो अनुसन्धानले जात्राको विस्तृत अध्ययन गरी सांस्कृतिक पक्षको उजागर गरेकाले किसिपिडीको कालिका भैरव जात्रा बारे जान्न चाहने तथा अध्ययन अनुसन्धान गर्ने भावी पुस्तालाई पनि भेरै मद्दत गर्दछ।

## सन्दर्भसामग्री


आइ एल ओ (सन् २००९), *अभ्यासमा आदिवासी जनजाति अधिकार,* अन्तर्राष्ट्रिय श्रम सङ्गठन।

अग्रवाल, वासुदेवशरण (सन् १९४६), *भारतीय कला,* पृथिवि प्रकाशन।

नेपाल सरकार (२०८१), *अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि २०८१,* नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।

वज्राचार्य, धनबज्र (वि.सं. २०५३), (दोश्रो संस्करण) *लिच्छवीकालका अभिलेख,* नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

वज्राचार्य, धनबज्र (वि.सं.२०५६), *मध्यकालका अभिलेख,* नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

श्रेष्ठ, कल्पना (वि.सं. २०७७), *काठमाडौं उपत्यकाको सांस्कृतिक परम्परा,* पल्लव प्रकाशन प्रालि।

क्षेत्री, गणेश प्रसाद र रायमाझी, रामचन्द्र (२०८०), *नेपालको इतिहास,* एसिया पब्लिकेसन्स।

Amatya, S. (2011). *Archaeological & Cultural Heritages of Kathmandu Valley*. Ratna Pustak Bhandar.

Anderson, M.M. (1988). *The Festivals of Nepal.* Rupa Paperback.

Dulal, L. N. (2022). Prospects of Promoting Festival Tourism: A Case Study of Khame Jatra in Bhaktapur. *Nepalese Culture* (A Peer- Reviewed Journal (Vol. XV- 67-85, 2022/10/10), Kathmandu: Central Department of Nepalese History, Culture and Archaeology, TU, ISSN: 2091- 1165, DOI: https://doi.org/10.3126/nc.v15i.48516: pp. 1-22.

Dulal, L. N., & Singh, S. (2024). Mahalaxmi Jatra: An Amazing Festival Tourism Product of Lubhu, Nepal. *Nepalese Culture*, *17*(1), 12–32. https://doi.org/10.3126/nc.v17i1.64400.

Majapuyria, T. (1981). *The festivals of Nepal*, S. Chand & Company.

Satyal, Y.R. (2001). *Nepal an Exotic Tourist Destination.*Adroit publisher.

UNESCO (2003). *Convention of the Safe Guarding of the Intangible Cultural Heritage 2003,*Kathmandu : UNESCO Office Nepal.